केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१५/०६७/६८ मितिः २०६७/०९/१९

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा निर्देशन नं १२/०६७, कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्थाको बुँदा नं १०.३ (च) को उपबुँदा नं. (३) पछि देहायको वाक्यांश थप गरिएको छ :

*तर, यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा वापत पदीय हैसियतले सोही कर्जाको सुरक्षाको लागि ऋणी संस्थाको संचालक समितिमा संचालकको हैसियतमा प्रतिनिधित्व गर्ने इजाजतपत्रप्राप्त संस्थाको प्रतिनिधि/कर्मचारीलाई कालोसूचीमा समावेश गर्नुपर्ने छैन ।*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन २०६७, को इ.प्रा निर्देशन नं १२/०६७, कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्थाको बुँदा नं १०.५ (कालोसूचीबाट नाम हट्न सक्ने व्यवस्था) को उपबुँदा ५ लाई देहाय बमोजिम परिमार्जन गरिएको छ :

*ऋणीहरुले लिएको ऋणमध्ये आफ्नो दायित्व यकिन गरी ऋण/सुविधा लिएको अवस्थामा उक्त रकम भुक्तानी गरेको भनी बैंक तथा वित्तीय संस्थाहरुबाट लेखी आएमा कर्जा सूचना केन्द्रले कालोसूचीबाट हटाउनु पर्नेछ । तर, सो व्यवस्था संचालक तथा कार्यकारी पदाधिकारीहरुको हकमा लागू हुने छैन । तथापि संचालक तथा कार्यकारी पदाधिकारीहरुको हकमा ऋण असुली न्यायाधीकरण तथा अन्य सम्बन्धित न्यायिक निकायको आदेश अनुसार आफ्नो दायित्व अनुरुप हुन आउने अंश वरावरको रकम भुक्तानी गरेको भनी बैंक तथा वित्तीय संस्थाहरुबाट लेखिआएमा निजलाई कर्जा सूचना केन्द्रले कालोसूचीबाट हटाउन कुनै बाधा पुऱ्याएको मानिने छैन ।*

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७ को इ.प्रा.निर्देशन १५/०६७ ब्याजदर सम्बन्धी व्यवस्थाको बुँदा नं ५ ब्याजदर सार्वजनिक गर्नुपर्ने भन्ने व्यवस्था लाई देहाय बमोजिम संशोधन गरिएको छ :

*"क" "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर संशोधन गर्दा तथा बुँदा नं ४ वमोजिमको विवरण त्रैमासिक रुपमा राष्ट्रिय स्तरका संस्थाहरुले राष्ट्रिय दैनिक पत्रिका मार्फत् र क्षेत्रीय स्तरका संस्थाले क्षेत्रीय/जिल्ला स्तरका पत्रिका मार्फत सार्वजनिक गर्नु पर्नेछ । साथै, इजाजतपत्रप्राप्त संस्थाले चल्ती तथा वचत खातामा कायम गर्नु पर्ने न्यूनतम मौज्दातको रकम थपघट गरेको अवस्थामा समेत पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशन गरी सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ ।*

*तर, "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाले ब्याजदर सम्बन्धी सूचना आफ्नो सूचना पाटीमा टाँस गरी सार्वजनिक जानकारी हुने व्यवस्था मिलाउनु पर्नेछ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. यस बैंकबाट इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरुले आफ्नो संस्थामा रहेको २ लाख रुपैयाँसम्मको व्यक्तिगत बचत तथा मुद्दती निक्षेपको रकम र त्यस्ता निक्षेपकर्ताको संख्या त्रैमासिक रुपमा त्रयमास समाप्त भएको एक महिना भित्र निक्षेप तथा कर्जा सुरक्षण निगमलाई उपलब्ध गराउनु पर्नेछ ।

भवदीय,

(वासुदेव अधिकारी)
निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।